# थाहा बुलेटिन

वर्ष ०१ अंक ०१ थाहा नगरपालिकाको चौमासिक बुलेटिन (२०८०, साउन, भाद्र, असोज र कार्तिक) पृष्ठ संख्या १२


**बालविवाह नगरौं !**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले, २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु र गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

# थाहा नगरपालिकाका नगर प्रहरीलाई पद तथा गोपनियताको सपथ



थाहा नगरपालिकाका नगर प्रहरीलाई पद तथा गोपनियताको सपथ ग्रहण गराइएको छ । १८ असोजमा १० दिने तालिमको समापन गर्दै १० जना नगर प्रहरीलाई नगरपालिकाका नगर प्रमुख विष्णुबहादुर विष्टले पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भएको हो । कार्यक्रममा नगर प्रमुख बिष्णु बहादुर बिष्टले जुनसुकै काम गर्दा व्यक्ति नभइ विधिमा आधारित भएर काम गर्न नगर प्रहरीलाई निर्देशन दिनूभयो । नगर प्रमुख बिष्टले नगरप्रहरीलाई अनुशासनमा रही काम कर्तव्य निर्वाह गर्न आग्रह गर्दै स्थानीय सरकारको काम, कारवाहीलाई प्रभावकारी बनाउन नगर प्रहरीको भूमिका महतवपूर्ण हुने विश्वास गर्नुभयो ।

नगर प्रहरीहरुलाई नगर उपप्रमुख भरत गोपालीले प्रमाणपत्र प्रदान गर्नुभएको थियो । त्यसअघि नगरपालिकाका प्रमुख प्रशासकीय



अधिकृत कृष्ण गिरीले दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको थियो । तालिममा सहभागी १० जना सबै उत्तीर्ण भएको इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक श्याम थापा मगरले जानकारी दिनुभयो । तालिममा प्रहरी जवान रमेश थिङलाई उत्कृष्ट घोषणा गर्दै पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो । थाहा

*बाँकी पेज २ मा*

## थाहा नगरपालिकाका नगर ... .. ..

नगरपालिकाले भर्ना गरेका नगर प्रहरीलाई ईलाका प्रहरी कार्यालय पालुङले दश दिने आधारभूत तालिम प्रदान गरेको हो । नगर प्रहरीको कार्य सम्पादनलाई प्रभावकारी बनाउन थाहा नगरपालिकाले ईलाका प्रहरी कार्यालय पालुङसंगको समन्वयमा आधारभुत तालिम सञ्चालन गरेको थियो ।

उनीहरूलाई बजार व्यवस्थापन, अग्नी नियन्त्रण, सरसफाई तथा फोहर व्यवस्थापनका बारेमा पनि तालिम दिइएको छ । नगर प्रहरीलाई घाइते उद्धार, बजार अनुगमन तथा व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन र सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रणलगायतका विषयमा पनि तालिम दिइएको ईलाका प्रहरी कार्यालयका प्रहरी निरिक्षक श्याम थापा मगरले बताए । नगर प्रहरी सहायक निरीक्षक किरण गिरी, हवलदार संग्राम खत्री र मनोज केसी तथा जवानहरु रामशरण गोपाली, तिर्थराम विष्ट, सुरज विष्ट, सविन विष्ट, कमल कार्की, रमेश थिङ र श्रमिक लामा रहेका छन् । थाहा नगरपालिकाले पहिलोपटक नगर प्रहरीको व्यवस्था गरेको हो ।

नगर प्रहरीलाई शारीरिक व्यायाम, खेलकुद, कवाज, खालीहात लडाइँलगायतका बाह्य गतिविधिमा समेत संग्लन गराई पेशागत, सैद्धान्तिक तथा व्यवहारिक तालिम दिइएको ईलाका प्रहरी कार्यालय पालुङले जनाएको छ । नगर प्रहरीमा एक सहायक प्रहरी निरीक्षक, दुई हवल्दार र सात जवान रहेका छन् ।

# थाहाको वडाहरुमा ग्रामिण भिडियो एक्सरे सेवा



थाहा नगरपालिकाको प्रत्येक वडाहरुमा ग्रामिण भिडियो एक्सरे कार्यक्रम सञ्चालन भएको छ । थाहा नगरपालिका स्वास्थ्य शाखाको व्यवस्थापनमा भएको भिडियो एक्सरेमा चालु आर्थिक वर्षको पहिलो चौमासिकमा ३ सय १० जना सेवाग्राहीको भिडियो एक्सरे गरिएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिनूभयो ।

थाहानगर भित्रको गर्भवती महिलाहरुको जटिलता पत्ता लगाइ समयमै सुविधा सम्पन्न स्वास्थ्य संस्थामा रेफर गरी जटिलता व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गररिएको हो । यस कार्यक्रमबाट जटिलताको व्यवस्थापन गरी मातृ तथा नवशिशु मृत्यु दर घटाउने लक्ष्य लिइएको छ । पहिलो चौमासिकमा भिडियो एक्सरेबाट विभिन्न जटिलता देखिएका ३० जना गर्भवती महिलालाई समयमै जटिलता व्यवस्थापनका लागि रेफर गरिएको छ ।

ग्रामिण भिडियो एक्सरे कार्यक्रम पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर पवन कार्की, सि.अ.न.मी. सीतामाया जिरेल, दुर्गा ढकाल र अनमी कुमारी मोक्तानले सञ्चालन गरेका थिए ।

# १२ वटै स्वास्थ्य संस्थामा स्थलगत अनुशिक्षण

थाहा नगरपालिकाको आयोजनामा एकीकृत नवशिशु तथा बालबालिकाहरुको रोगको व्यवस्थापन (IMNCI) सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम थाहानगरका १२ वटै स्वास्थ्य संस्थामा सम्पन्न भएको छ ।

कार्यक्रममा स्वास्थ्यकर्मीहरुको विद्यमान ज्ञान र एनाटोमिकल मोडेल र वास्तविक विरामीको प्रयोग गरी सीप अभिवृद्धि गर्न निर्दिष्ट चेकलिष्टहरुको प्रयोग गरी सेवा प्रदायक स्वास्थ्य कर्मीहरुको ज्ञान र सीपको मूल्याङ्कन तथा समस्या पहिचान गरी ति समस्या समाधानका लागि संयुक्त रुपमा कार्ययोजना तयार गरिएको थियो । स्वास्थ्य शाखाबाट सञ्चालित कार्यक्रममा जनस्वास्थ्य निरीक्षक जिनु डंगोल र सि.अ.हे.ब. माया गोलेले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा स्वास्थ्य कार्यालय मकवानपुरका




पोषण फोकल पर्सन बासुदेव रिमालगायतको टिमको सहभागिता रहेको थियो ।

कार्यक्रमबाट HMIS 2.4 रजिस्टर पुर्ण रुपमा भर्नमा सहयोग हुने तथा स्वास्थ्य संस्थाको रेकर्डिङ र रिर्पोटिङमा पनि सुधार हुने अपेक्षा लिइएको छ ।

थाहा नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो चौमासिकमा भएको क्षेत्रगत आम्दानी खर्चको विवरण:

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **५,५०,३०,०००.००** | **१८,०४,५९३.००** | **३.२८** | **५,३२,२५,४०७.००** |
| १ | कृषि | ३,२८,१२,०००.०० | १०,०३,४१३.०० | ३.०६ | ३,१८,०८,५८७.०० |
| २ | उद्योग | १२,७५,०००.०० | १,६७,५१०.०० | १३.१४ | ११,०७,४९०.०० |
| ३ | पर्यटन | ९२,०५,०००.०० | ०.०० | ० | ९२,०५,०००.०० |
| ४ | सहकारी | १०,५०,०००.०० | ०.०० | ० | १०,५०,०००.०० |
| ५ | जलश्रोत तथा सिंचाई | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ६ | पशुपन्छी विकास | ९६,८८,०००.०० | ६,३३,६७०.०० | ६.५४ | ९०,५४,३३०.०० |
| **२** | **सामाजिक विकास** | **३८,८१,९९,०००.००** | **८,३०,३८,२९१.२०** | **२१.३९** | **३०,५१,६०,७०८.८०** |
| १ | शिक्षा | २६,३३,५२,०००.०० | ६,२०,२८,८१५.०० | २३.५५ | २०,१३,२३,१८५.०० |
| २ | स्वास्थ्य | ७,५६,४०,०००.०० | १,९६,३७,४२०.२० | २५.९६ | ५,६०,०२,५७९.८० |
| ३ | खानेपानी तथा सरसफाई | १,७५,००,०००.०० | ५,२००.०० | ०.०३ | १,७४,९४,८००.०० |
| ४ | भाषा तथा संस्कृति | ९५,००,०००.०० | ४९,७००.०० | ०.५२ | ९४,५०,३००.०० |
| ५ | युवा तथा खेलकुद | ८८,००,०००.०० | १,७३,७५०.०० | १.९७ | ८६,२६,२५०.०० |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | १,३४,०७,०००.०० | ११,४३,४०६.०० | ८.५२ | १,२२,६३,५९४.०० |
| **३** | **पूर्वाधार विकास** | **४२,१२,७०,०३५.००** | **४,८०,६०,४७९.००** | **११.४१** | **३७,३२,०९,५५६.००** |
| १ | यातयात पूर्वाधार | ३२,३१,५०,५३५.०० | २,३९,५५,१९४.०० | ७.४१ | २९,९१,९५,३४१.०० |
| २ | भवन, आवास तथा सहरी विकास | ८,३७,३६,०००.०० | २,२२,४२,७०८.०० | २६.५६ | ६,१४,९३,२९२.०० |
| ३ | उर्जा | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| ४ | सम्पदा पूर्वाधार | ९५,७५,०००.०० | ०.०० | ० | ९५,७५,०००.०० |
| ५ | बिज्ञान तथा प्रबिधि | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ६ | पुनर्निर्माण | ३०,०८,५००.०० | १८,६२,५७७.०० | ६१.९१ | ११,४५,९२३.०० |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **२,५५,२५,०००.००** | **२३,८९,०६८.००** | **९.३६** | **२,३१,३५,९३२.००** |
| १ | विपद व्यवस्थापन | १,१५,००,०००.०० | ५,२९,३८१.०० | ४.५९ | १,०९,७०,६१९.०० |
| २ | मानब संशाधन विकास | २३,००,०००.०० | ४,४३,३५३.०० | १९.२८ | १८,५६,६४७.०० |
| ३ | कानुन तथा न्याय | २०,००,०००.०० | ९५,७००.०० | ४.७९ | १९,०४,३००.०० |
| ४ | तथ्यांक प्रणाली | १०,२४,०००.०० | ६,१५,८९५.०० | ६०.१५ | ४,०८,१०५.०० |
| ५ | श्रम तथा रोजगारी | ६६,५६,०००.०० | ६,०६,२३९.०० | ९.११ | ६०,४९,७६१.०० |
| ६ | प्रशासकीय सुशासन | २०,४५,०००.०० | ९८,५००.०० | ४.८२ | १९,४६,५००.०० |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१४,७०,४०,८००.००** | **३,६६,७१,९९४.६८** | **२४.९४** | **११,०३,६८,८०५.३२** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,७०,४०,८००.०० | ३,६६,७१,९९४.६८ | २४.९४ | ११,०३,६८,८०५.३२ |
| **कुल जम्मा** | | **१,०३,७०,६४,८३५.००** | **१७,१९,६४,४२५.८८** | **१६.५८** | **८६,५१,००,४०९.१२** |

# स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम

थाहा नगरपालिकामा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम भएको छ । स्वास्थ्य शाखाको आयोजनामा भएको तालिममा थाहानगरका का १२ वटै स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु र निजि स्वास्थ्य संस्थाका प्रतिनिधिहरु समेत गरी ३३ जनाको सहभागीता रहेको थियो ।

तालिमका सहभागीहरुलाई थाहा नगरपालिकाको प्रमुख प्रसासकीय अधिकृत र स्वास्थ्य निर्देशनालय बागमती प्रदेशको तथ्यांक अधिकृत राजन चालिसेले सहजीकरण गर्नुभएको थियो । तालिमबाट कर्मचारीहरुलाई DHIS2 अभिलेख तथा प्रतिवेदन प्रणाली सम्बन्धी ज्ञानसीप प्रदान गरिएको थियो । तालिम पश्चात् मासिक रुपमा परिमार्जित DHIS2 Recording/Reporting Tools भर्ने सीप




र तथ्याङ्क विश्लेषण गर्ने, DHIS2 नियमित रेकर्डिङ कार्यमा गुणस्तरीयता ल्याइ सबै स्वास्थ्य संस्थालाई सूचना प्रविधिमा आवद्ध गराई DHIS2 लाई सुदृढिकरण गर्ने अपेक्षा लिइएको छ ।

# जिल्ला प्रशासन कार्यालय मकवानपुरसंगको सहकार्यमा थाहामा बजार अनुगमन



जिल्ला प्रशासन कार्यालय मकवानपुरले थाहा नगरपालिकाको बजार अनुगमन गरेको छ। मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्र प्रसाद चापागाई नेतृत्वको टोली तीन दिनदेखि मकवानपुरका बजार अनुगमन गरिरहेको छ।

अनुगमनमा आन्तरिक राजस्व कार्यालय मकवानपुर, घरेलु तथा साना उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, थाहा नगरपालिका, ईलाका प्रहरी कार्यालय पालुङ, थाहानगर उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्चको प्रतिनिधिहरु सहभागिता रहेको थियो।

अन्य स्थानको तुलनामा थाहा नगरपालिका भित्रका पसलहरुमा अनुगमन गर्दा सन्तोषजनक रहेको घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरका प्रमुख अमृत कुमार पोखरेलले जानकारी दिनूभयो । थाहाका, सिमभन्ज्याङ, दामन, शिखरकोट, गोपालीगाउँ, थानाबजार तथा ओखरबजारका पसलहरुमा अनुगमन गरिएको थियो। अनुगमनका क्रममा २१ हजार बराबरको म्याद नलेखिएका र म्याद गुज्रीएका सामान जफत गरिएको खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यालयका अधिकृत सागर दाहालले जानकारी दिनूभयो ।

# नागरिककै सक्रियतामा खाल्डाखुल्डी पुरियो

दामन-खर्क-ठुलोफाखल-ईन्द्रसरोवर सडकको स्थानीय द्वारा खाल्डाखुल्डी पुर्ने काम भएको छ। खर्क ठुलोफाखल टोल बिकास संस्थाको पहलमा स्थानीयनै श्रमदानमा जुटि सडक स्तरोन्नति कार्यमा लागेको टोल बिकास संस्थाका अध्यक्ष मानसिंह दोङले बताउनुभयो ।

सडक स्तरोन्नति नहुँदा आवतजावतमा समेत कठिनाई उत्पन्न भएपछि स्थानीयहरु आफैले सडकको खाल्डाखुल्टी परेको संस्थाका अध्यक्ष दोङले जानकारी दिनुभयो ।

# नगरस्तरीय भलिबल विजेता टिमलाई २ नम्बर वडाको सम्मान

थाहा नगरपालिका वडा नम्बर ५ फुर्केमा बिजया दशमीको अवसर पारेर आयोजित थाहा नगरपालिका स्तरीय भलिबल प्रतियोगिताको विजेता टिमलाई २ नम्बर वडा कार्यालयले सम्मान गरेको छ । वडा कार्यालयमा आयोजित कार्यक्रममा सोल्टु युवा क्लबमा आवद्ध खेलाडीहरुलाई सम्मान गरेको हो ।

सोल्टु युवा क्लबले ४ कात्तिकमा खेलकुद विकास समिति वडा नम्बर ६ लाई पराजित गर्दै उपाधी चुमेको थियो । बिजेता खेलाडीहरु राम कार्की, सुसान्त थापा, उज्वल तामाङ, कुशल लामा, रुपक कार्की, सागर लामा, मनिष तामाङ, प्रवेश कार्की,




दिपेन्द्र बस्नेत तथा कोचहरु सुजन बस्नेत र बिजय थापाका साथै टिम म्यानेजर द्वय वीर बहादुर लामा र अमिर कार्कीलाई सम्मान गरिएको हो ।

खेलाडी तथा अफिसियललाई वडा अध्यक्ष बम बहादुर सिन्तान र जनप्रतिनिधि हरुले सम्मानपत्र सहित सम्मान गरेको २ नम्बर वडा कार्यालयले जनाएको छ ।

# सुरक्षित आप्रवासी हकहित सञ्जालमा रायमाझी

थाहा नगरपालिकाले गठन गरेको सुरक्षित आप्रवासी हकहित सञ्जाल थाहानगर समितिको संयोजकमा सुमन रायमाझी निर्विरोध चयन हुनु भएको छ।

विकास घरमा भएको भेलाले रायमाझीको संयोजकत्वमा ११ सदस्यीय नगर समिति चयन भएको हो। सञ्जालको उपसंयोजकमा रामचन्द्र खत्री, सचिव सुजन तमाङ, कोषाध्यक्ष श्रमिता महर्जन चुनिनु भएको छ।

समितिको सदस्यहरुमा राधे रायमाझी, कमल सुनार, रुपचन्द्र गोपाली, रमेश कार्की, बलराम बर्तौला, मनोहर कार्की र इमानसिंह थिङ रहनु भएको छ। यस अघि सञ्जालको संयोजकमा यादवजंग रायमाझी हुनुहुन्थ्यो ।

# थाहा नगरपालिकाले कृषकलाई ५० प्रतिशत अनुदानमा ट्याक्टर दिने

थाहा नगरपालिकाले पालिकाभित्रका कृषि समूह र कृषक फार्महरुलाई ५० प्रतिशत अनुदानमा हाते टूयाक्टर उपलव्ध गराउने भएको छ। आर्थिक बर्ष २०८०/०८१ को बजेटले कृषकलाई सहुलितपूर्ण दरमा कृषि सामग्री दिने नीति पारित गर्दै बजेटसमेत विनियोजन गरिसकेको छ।

स्वीकृत बजेटबाट किसान समुहलाई खेतवारी जोत्न टूयाक्टर देखि लिएर मलखाद तथा वालीमा लगाउने औषधिलगायतका सामग्रीहरुसमेत अनुदानमा उपलव्ध गराउने निर्णय भएको कृषि विकास शाखा प्रमुख संजय तिवारीले जानकारी दिनूभयो। उहाँका अनुसार मलखाद र औषधिमा भने पालिकाले ७५ प्रतिशत अनुदान दिदै छ। पालिकाले विभिन्न जातका हाते ट्याक्टर वितरण गर्ने सूचनासमेत जारी गरिसकेको उउहाँले जानकारी दिनूभयो। कृषि समूह, कृषि सहकारी र कृषि फार्महरुलाई अनुदानमा दिइने यी सामग्री पाउनका लागि फार्म संचालकको ठेगाना, पान नम्बर, व्यवसाय दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्रलगायतका कागजात पेश गर्नुपर्ने सर्त छ।

आवश्यक काजगातसहित निवेदन दिएपछि नगरपालिकाले अनुगमन र मूल्यांकन समेत गरेर योग्य फार्म, समूह र सहकारीलाई ५० देखि ७५ प्रतिशतसम्म अनुदानमा कृषि उपकरण र मलखाद उपलव्ध गराउने नगरपालिकाले जनाएको छ।

# थाहामा घरबाटै, घटना दर्ता

मकवानपुर थाहा नगरपालिकाले सेवाग्राहीलाई सहज सुविधा प्रदान गर्न घरबाटै ब्यक्तिगत घटना दर्ताको फारम भर्ने भएको छ। वडा कार्यालय पुगेर लाइनमा बसी घटना दर्ता गरिने प्रक्रिया झन्झटिलो भएकाले सहज सुविधाका लागि अनलाइन मार्फत् यो सेवा बिस्तार गरिएको हो

अबदेखि थाहा नगरपालिका अन्तर्गतका सबै १२ वटै वडाबाट जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइँ सराई र सम्बन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटना दर्ताका लागि घरबाटै अनलाइनमार्फत प्रक्रिया पूरा गरी फारम भर्ने र ३५ दिनभित्र सम्बन्धीत वडा कार्यालयमा टोकन नम्बर लिएर सम्पर्क गरी स्थानीय पञ्जिकाधिकारीबाट प्रमाणपत्र लिन सकिने पालिकाले जनाएको छ।

अनलाइन मार्फत व्यक्तिगत घटना दर्ताको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पोर्टलमा अनलाइन घटना दर्ता ट्याबमा गई फारम भर्नुपर्ने हुन्छ। यस सम्बन्धी थप सहजीकरण थाहा नगरपालिका एम.आई.एस. सेवा इकाइबाट हुने गरेको छ।

# नि:शुल्क स्वास्थ्य शिविरमा १ सय ३७ को स्वास्थ्य परीक्षण

पालुङ प्राथमिक स्वास्थ्य केन्द्र थाहा नगरपालिकामा स्वास्थ्य शिविर भएको छ। स्वास्थ्य शिविरमा १ सय ३७ जनाले आफ्नो स्वास्थ्य परीक्षण गराएका छन्।

स्वास्थ्य परीक्षण गराएकाहरु मध्ये ६० जनाले स्त्रीरोगसंग सम्बन्धीत तथा ७७ जनाले भिडियो एक्सरेमा सेवा लिएको स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर गगन कार्कीले जानकारी दिए। शिविरमा स्त्रीरोग विशेषज्ञ डाक्टर बिना श्रेष्ठ र भिडियो एक्सरेमा रेडियोलोजिस्ट अनुज बज्राचार्यले सेवा प्रदान गरेका थिए।

स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर गगन कार्कीका अनुसार प्राथमिक स्वास्थ्य केन्द्रमा प्रत्येक दुई हप्ताको अन्तरमा पर्ने शनिवार विशेषज्ञ स्वास्थ्य शिविरलाई निरन्तरता दिने जानकारी दिनूभयो।



**यसैबीच** पालुङ प्राथमिक स्वास्थ्य केन्द्र परिसर सरसफाई गरिएको डाक्टर गगन कार्कीले जानकारी दिनूभयो। सरसफाई कार्यक्रममा स्वास्थ्य केन्द्रका डाक्टर टिम तथा स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य केन्द्रमा ओजेटमा रहेकाहरुले समेत सघाएका थिए। नियमित उपचार सेवाका साथै स्वास्थ्य केन्द्र परिसर सरसफाई गर्दा सकारात्मक सन्देश पनि जाने र सरसफाई पनि हुने भएकोले यस्तो कार्यक्रम आयोजना गरिएको डाक्टर पवन कार्कीले जानकारी दिनूभयो।

यसअघि पनि विभिन्न गैर सरकारी संघसंस्थासंगको समन्वयमा स्वास्थ्य केन्द्र परिसरमा सरसफाई तथा वृक्षारोपन लगायतका सामाजिक कार्यक्रमहरु हुँदै आएको छ। त्यसोतः पालिका अन्तर्गतका स्वास्थ्य चौकी, शहरी स्वासथ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्रहरुमा पनि विभिन्न अवसर पारेर कार्यालय परिसर तथा सार्वजनिक क्षेत्रको सरसफाईका कार्यक्रमहरु सञ्चालन हुने गरेको स्वासथ्य संयोजक मेघराज बलामीले बताउनुभयो।

# थाहानगरको बजेट सार्वजनिक

थाहा नगरपालिकाले वडाको सिलिङसहित नगरपालिकाबाट गरिएको थप बजेट विनियोजन भएका योजनाहरु सार्वजनिक गरेको छ । थहाानगरले वडास्तर र नगरस्तर गरी दुई किसिमको पूर्वाधार विकास तर्फको १५ करोड ३६ लाख बजेट सार्वजनिक गरेको हो ।

विवरण अनुसार वडा नम्बर १ मा वडास्तरीय भनेर ७५ लाखको ११ वटा योजना र नगरस्तरीय ४ वटा योजनाका लागि ४५ लाख गरी १ करोड २० लाख विनियोजन गरेको छ । वडा नम्बर २ मा वडास्तरका लागि ६ वटा योजनाका लागि ७२ लाख तथा नगरस्तरीय ४६ लाख गरी १ करोड १८ लाख, वडा नम्बर ३ मा वडास्तरीय ११ वटा योजनाका लागि ७० लाख र नगरस्तरीय १० वटा योजनाका लागि ८७ लाख गरी १ करोड ५७ लाख, वडा नम्बर ४ मा वडास्तरीय ११ वटा योजनाका लागि ७६ लाख र नगरस्तरीय ४ वटा योजनाका लागि ४५ लाख गरी १ करोड २१ लाख, वडा नम्बर ५ को वडास्तरीय १३ योजनाका लागि ९० लाख र नगरस्तरीय ३ वटा योजनाका लागि ३५ लाख गरी १ करोड २५ लाख, वडा नम्बर ६ मा वडास्तरीय ६ वटा योजनाका लागि ५६ लाख र नगरस्तरीय ३ वटा योजनालाई ४६ लाख गरी १ करोड २ लाख रुपियाँ बजेट विनियोजन भएको छ ।

त्यसैगरी वडा नम्बर ७ मा वडास्तरीय १२ वटा योजनाका लागि ८८ लाख र नगरस्तरीय ५ वटा योजनाका लागि ४२ लाख गरी १ करोड ३० लाख, वडा नम्बर ८ को वडास्तरीय १० वटा योजनालाई ७६ लाख र नगरस्तरीय ५ वटा योजनाको लागि ५०



लाख रुपियाँ गरी १ करोड २६ लाख, वडा नम्बर ९ को वडास्तरीय ८ वटा योजनाको लागि ८० लाख र नगरस्तरीय ४ वटा योजनाको लागि ५० लाख गरी १ करोड ३० लाख, वडा नम्बर १० को वडास्तरीय ८ वटा योजनाको लागि ७२ लाख र नगरस्तरीय ४ वटा योजनाका लागि ४५ लाख गरी १ करोड १७ लाख., वडा नम्बर ११ को १५ वटा वडास्तरीय योजनाका लागि १ करोड र नगरस्तरीय ३ वटा योजनाका लागि ४० लाख गरी १ करोड ४० लाख, वडा नम्बर १२ का लागि १४ वटा वडास्तरीय योजनाका लागि १ करोड र नगरस्तरीय ५ वटा योजनाको लागि ५० लाख गरी १ करोड ५० लाख रुपियाँ बजेट विनियोजन भएको प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीद्वारा हस्ताक्षर गरिएको विवरणमा उल्लेख छ ।

## बज्रवाराही चौरमा सौन्दर्यीकरण थालियो

थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको बज्रवाराही चौरको सौन्दर्यीकरण थालिएको छ । उत्तरी मकवानपुरकै प्रसिद्ध मन्दिर बज्रवाराही मन्दिरसँगै रहेको चौरमा चाइनिज दुबो लगाइएको छ ।

थाहा नगरपालिका वडा नम्बर ६ को कार्यालयले आठ हजार वर्गफिट क्षेत्रफलमा चाइनिज दुबो लगाइएको हो । दुबो खरिद गरी स्थानीयको जनश्रमदानमा दुबो लगाइएको बताउँदै वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठले चौरको आधा भागमा प्राकृतिक रैथाने दुबो रहेकाले त्यसलाई नै फैलने वातावरण निर्माण गरिने जानकारी दिनूभयो । दुबो लगाउन मात्र तीन लाख खर्च हुने देखिएको छ र तीन लाख रुपियाँ चौरको संरक्षण गर्न लागेको



बताइएको छ ।

चौरमा अशोकलगायतका फूलका बिरुवा लगाएर चौरको सौन्दर्यीकरण गर्ने योजना रहेको उनले जानकारी दिए ।

बज्रवाराही मन्दिरमा हरेक तीन वर्षमा लाग्ने जात्रा भर्न आएकाहरू सोही चौरमा नै जम्मा भएर भजनकीर्तन र शुभकामना आदानप्रदान गर्छन् ।

# थाहामा पालिकास्तरीय पोषण कार्यक्रमको समिक्षा



थाहा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा दुईदिने पालिकास्तरीय वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा पोषणको सम्बन्धमा छलफल गरिएको हो ।

स्वास्थ्य शाखाबाट आर्थिक बर्ष २०७९/०८० संचालन भएको पोषण सम्बन्धी कार्यक्रमको विषयमा छलफल भएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिनूभयो । कुपोषणको वर्गीकरण, बालबालिकामा पोषणको अवस्था, कुपोषणका कारण नेपालमा बाल मृत्युदर, पोषणको अवस्था सुधार गर्न थाहानगरमा भएका पहलहरु, पोषण बारे दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु, नगरस्तरीय पोषण समीतीको काम, कर्तब्य र अधिकार लगाएतका बारेमा कार्यक्रममा छलफल भएको थियो ।

कार्यक्रमका कारण कुपोष्णको समस्या नभएको, स्थानीय तहबाट पनि पोषण कार्यक्रममा सहयोग भएको, पोषण संवेदनशील क्षेत्र कार्यक्रमले पोषण कार्यक्रममा सुधार भएको समिक्षा का जनकारी गराइएको थियो । कार्यक्रमको दीगोपनाको लागि प्रत्येक छ/छ महिनामा 'स्वस्थ बच्चा' प्रतियोगिता गर्ने, सुत्केरीलाई पोषण प्याक वितरण गर्ने, पोषण सम्बन्धी प्रदर्शनी गर्ने, पोषण सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने आगामि योजना रहेको छ ।

# 'सडक चौडा गर्न ठाउँ खाली गर्नू'

थाहा नगरपालिका वडा नम्बर ६ ले सडक कालोपत्रे तथा चौडाका लागि सडकको क्षेत्राधिकार भित्र जग्गा खाली गर्न सार्वजनिक सूचना जारी गरेको छ ।

कुन्छाल कुलेखानी सडक खण्डको ६ नम्बर वडा क्षेत्रका लागि सार्वजनिक सूचना जारी गरिएको वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठले जानकारी दिनूभयो । सघन सहरी तथा भवन निर्माण आयोजना चितवन मार्फत कालोपत्रे तथा चौडा गर्न लागेको सडकका लागि वडाले सहजीकरण गर्न सूचना जारी गरेको हो । आयोजनाले कुन्छाल टौखेल सडक खण्डमा कालोपत्रे गर्न लागेको बताएको छ ।

# इजाजत लिएर मात्रै आवासीय तथा ब्यावसायिक भवन बनाउन पाइने

थाहा नगरपालिकाबाट इजाजत लिएर मात्रै आवासीय घर तथा ब्यावसायिक भवन बनाउन पाइने भएको छ । नगरपालिकाले सूचना जारी गर्दै निजी, व्यापारिक तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नुपर्ने उल्लेख गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीद्वारा जारी सूचनामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ बमोजिम नगरक्षेत्रभित्र नक्सा पास गरेर मात्रै निजी तथा सार्वजनिक भवन बनाउन सम्बन्धित सबैलाई आग्रह गरिएको छ । 'यस थाहा नगर पालिकाभित्र कुनैपनि निजी, ब्यापारिक तथा सार्वजनिक भवनको निर्माण सुरु गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गराएर मात्र निर्माण कार्य गर्नु गराउनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ', सूचनामा भनिएको छ यदि यो सूचना विपरित नक्सा पास नगरी निर्माण कार्य गरेको पाइएमा कानून बमोजिम कारबाही गरिने व्यहोराको चेतावनी पनि सूचनामा उल्लेख छ ।

नगर क्षेत्रको बसोबासलाई व्यवस्थित बनाउन अनिवार्य नक्सा पासको प्रावधान अगाडि सारिएको मेयर विष्णुबहादुर विष्टले बताउनुभयो ।

# खानेपानी समितिलाई बोर्डमा आवद्ध हुन आग्रह

मकवानपुर थाहा नगरपालिकामा संचालित खानेपानी उपभोक्ता समितिहरुलाई थाहानगर खानेपानी व्यवस्थापन बोर्डमा आवद्ध हुनका लागि सूचना आव्हान भएको छ । खानेपानी बोर्डको कार्यकारी समितिबाट भएको निर्णयका आधारमा नगरपालिकाले बोर्डमा आवद्ध हुनका लागि १५ साउनमा सूचना आव्हान गरेको हो ।

सूचना अनुसार थाहा नगरपालिकाको १ देखि १२ नम्बर वडासम्मका खानेपानी उपभोक्ताहरुले बोर्डमा आवद्ध हुनका लागि निवेदन पेश गर्न सक्नेछन् । आवद्धताको लागि "खानेपानी आयोजनाहरुको प्रारम्भिक मूल्याङ्कन तथा बोर्डमा आवद्धता सम्बन्धी निर्देशिका २०८०" बमोजिम उपभोक्ता समितिहरुले आवश्यक कागजातसहित आवद्धता हुनका लागि निवेदन दिनूपर्ने हुन्छ । थाहानगरको खानेपानी सेवालाई एकीकृत रुपमा संचालनको लागि उपभोक्ता समितिहरुलाई बोर्डमा आवद्धता गराउन लागिएको थाहानगर प्रमुख तथा बोर्डका अध्यक्ष विष्णु बहादुर विष्टले जानकारी दिनूभयो ।

# पशुवस्तुलाई गोठमै पुगेर लम्पी स्किन खोप लगाइयो

थाहा नगरपालिका पशु विकास शाखाको सक्रियतामा पशुवस्तुलाई गोठमै पुगेर लम्पी स्किन खोप लगाइएको छ । पालिकाले अभियान नै सञ्चालन गरेर खोप लगाएको हो । भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्रबाट प्राप्त भएको खोप समेत पशुहरुलाई लगाइएको छ । किसानले पालेको पशु क्षति हुनबाट जोगाउनका लागि अभियान संचालन गरिएको हो ।

खोप अभियान अन्तर्गत थाहाका १ हजार १ सय ५० पशुलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको पशु लगाइएको पशु विकास शाखाका रुपेश कुमार मिश्रले जानकारी दिनूभयो । उक्त खोप थाहा नगरपालिकाको वडा नम्बर ५ र ७ बाहेकका अरु १० वटा वडामा लगाइएको हो । सबैभन्दा बढि वडा नम्बर ६ मा २ सय २५ पशुलाई लगाइएको छ ।

नगरपालिकाको पशु विकास शाखाबाट वडा नम्बर १ मा २५ वटा पशु वस्तुलाई खोप लगाइएको छ । वडा नम्बर २ को १ सय ५०, वडा नम्बर ३ को १ सय ५, वडा नम्बर ४ को ९५, वडा नम्बर ६ को २ सय २५, वडा नम्बर ८ को १ सय ५०, वडा नम्बर ९ को ७९, वडा नम्बर १० को १ सय ४६, वडा नम्बर ११ को ७५ र वडा नम्बर १२ को १ सयवटा पशु वस्तुलाई खोप लगाइएको हो ।

थाहामा ३ सय १० वटा पशुमा लम्पी स्किन रोग संक्रमण भएको शाखाको रिपोर्ट छ । संक्रमण भएका मध्ये ३४ वटाको मृत्यू भएको छ । सबैभन्दा बढि संक्रमित वडाका रुपमा ८ नम्बर रहेको छ । यस वडामा ८१ पशुमा लम्पी स्किनको संक्रमण देखिएको पशु विकास शाखाले जनाएको छ ।

सबैभन्दा कम वडा नम्बर १ को ७ वटा पशुमा मात्र संक्रमण देखिएको छ । खोप लगाउनै बाँकी वडा नम्बर ५ मा ११ वटा र ७ नम्बर वडामा ७० पशुमा संक्रमण रहेको पाइएको छ । लम्पी स्किनबाट मृत्यूहुने पशु संख्यामा वडा नम्बर १, २ र ५ मा १/१ वटा पशुको मृत्यू भएको छ । वडा नम्बर ४ मा ८ वटा, वडा नम्बर ६ र ९ मा ३/३ वटा, ७ मा ६ वटा वडा नम्बर ८ मा ९ वटा र वडा नम्बर १० मा २ वटा पशुको लम्पी स्किन रोगका कारण मृत्यू भएको पशु शाखाले जनाएको छ ।



# चिप्स आलु बिउ उत्पादन कार्यक्रमका लागि थाहानगरले प्रस्ताव आव्हान

चिप्स आलु बिउ उत्पादन कार्यक्रमका लागि मकवानपुरको थाहा नगरपालिकाले किसानहरुसंग प्रस्ताव मागेको छ । पालिकाको कृषि विकास शाखाले सूचना प्रकाशित गरी चिप्स आलुको बिउ उत्पादनमा ५० प्रतिशत अनुदानका लागि प्रस्ताव आव्हान गरेको हो ।

चालु आर्थिक वर्ष २०८०।०८१ स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिप्स आलु बीउ उत्पादन कार्यक्रम संचालनका लागि कृषि शाखाले नगरपालिका भित्रका इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीहरुका लागि ३० दिने सूचना मार्फत प्रस्ताव पेश गर्न आग्रह गरिएको शाखा प्रमुख संजय तिवारीले जानकारी दिनूभयो ।

कार्यक्रम अन्तर्गत ५ लाख रुपियाँ अनुदान वितरण गरी ४ वटा क्लष्टरमा गरी १ सय ३३ रोपनीमा कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको तिवारीले जानकारी दिनूभयो । कार्यक्रमका लागि प्रस्ताव आव्हान गर्दा निवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरु सूचनामा उल्लेख गरिएको छ । सूचना पालिकाको वेबसाइटमा प्रकाशन गरिएको छ ।

## विद्यार्थीलाई योग ध्यान गराउन शिक्षकलाई प्रशिक्षक-प्रशिक्षण तालिम



थाहा नगरपालिकाको दामन, पालुङ र आग्राका विद्यालयका शिक्षकहरुलाई दिइएको पहिलो चरणको एकहप्ते योग शिक्षक तालिम दिइएको छ । तालिम पालुङ जेसिज सभाहलमा भएको थियो । थाहा नगरपालिकाका शिक्षकका लागि योग, ध्यान र साधना तालिम सकेपछि उनीहरुले अब आफ्ना विद्यालयहरुमा बालबालिकाहरुलाई गराउनुपर्नेछ ।

थाहा नगरपालिकाका विद्यालयमा योग, ध्यानलाई नियमित गर्ने उद्देश्यले पहिलो चरणमा थाहाका १, २, ३, ४, ७ र ८ का सार्वजनिक तथा निजी विद्यालयका शिक्षकको सहभागितामा रहेको तालिमका संचालक तथा सुनौला सिकाइ केन्द्रका संयोजक रुपचन्द्र गोपालीले जानकारी दिनूभयो । तालिममा ३१ जना शिक्षकको सहभागिता रहेको थियो । थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विद्यालयमा नियमित रुपमा विद्यार्थीहरुलाई योग, ध्यान कक्षा सञ्चालन गर्ने नीति लिएको थियो । विद्यार्थीलाई योग, ध्यान र साधनामार्फत अनुशासित र कर्तव्यनिष्ठ बनाई मानवमूल्यको जगेर्ना गर्ने थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले बताउनुभयो । तालिमका सहाभागीलाई योगगुरु राजन बिडारीले प्रशिक्षण दिनूभएको थियो ।

तालिममा योगासन, ध्यान मुद्रा, प्राणायाम आहार विहार चर्या र प्रयोगात्मक ज्ञान सहितको विषेश शिक्षक प्रशिक्षण दिएको थियो। थाहानगर शिक्षा शाखाका अधिकृत माधव बिक्रम मल्लको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा अधिकृत मल्लले अहिले सामुदायिक विद्यालयमा योग र ध्यानको पठनपाठन र अभ्यासका लागि एक/एक जना शिक्षकलाई तालिम दिएर प्रशिक्षित गराएको सुनाउनुभयो । ले भन्नुभयो-"अब प्रशिक्षित शिक्षकले आ-आफ्नो विद्यालयमा विद्यार्थीलाई योग र ध्यानबारे सैद्धान्तिक र व्यावहारिक अभ्यास गराउनु हुनेछ ।'

कार्यक्रममा योग गुरु राजन बिडारीले योग र ध्यानले मानिस अनुशासित हुनेसँगै स्वस्थ रहने र मानसिक विकार हटेर आनन्दको अनुभूति गर्नसक्ने बताउनु भयो ।

## पूर्ण खोप सुनिश्चितता पालिका घोषणा दीगोपनको समिक्षा

थाहा नगरलाई पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा कार्यान्वयन गर्नको लागि थाहा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा एक दिने नियमित खोप शुद्धिकरण पुर्ण खोप सुनिश्चितता र दिगोपना तथा सूक्ष्म योजना अद्यावधिक र सरसफाइ प्याकेजको समिक्षा गोष्ठी सम्पन्न भएको छ ।

नगरपालिकाको सभाहलमा श्रावण २८ मा सम्पन्न गोष्ठीमा सबै सर्तहरु पूरा गरी नियमित खोपको घरभेट सर्वेक्षण गरी उमेर अनुसार खोप पाए नपाएको यकिन गरेर खोप लगाउन छुटेको पाइएमा खोप दिने प्रक्रियाअनुरुप खोप दिने व्यवस्था गरे नगरेको




समिक्षा गोष्ठीमा जानकारी लिइएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिनूभयो ।

कार्यक्रममा थाहा नगरपालिका भित्रका स्वास्थ्यकर्मी तथा महिला स्वयंसेविका हरुको उपस्थिती रहेको थियो । थाहा नगरपालिकाको आवश्यक तथ्य पेस भएको र सोही तथ्यका आधारमा पूर्ण खोप सुनिश्चितताको मापदण्ड पुरागरी १२ वडाले नगरपालिकामा सिफारिस गरिसकेको छ। थाहा नगरपालिका भित्र ९८ प्रतिशत बालबालिकाले पुर्ण खोप लगाएको स्वास्थ्य शाखाको तथ्यांक छ ।

## मेयर वडास्तरीय तरकारी पकेट कार्यक्रमका लागि प्रस्ताव 'आव्हान

थाहा नगरपालिकामा नगर प्रमुख (मेयर) संग जोडेर कृषि कार्यक्रम स्वीकृत भएको छ । आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत भएको मेयर वडा स्तरीय तरकारी पकेट प्याकेज कार्यक्रमका लागि पालिकाले ३६ लाख रुपियाँ बजेट विनियोजन गरेको छ ।

स्वीकृत कार्यक्रमका लागि पालिकाको कृषि विकास शाखाले १ भाद्रमा सूचना प्रकाशन गरी किसानहरुबाट प्रस्ताव माग गरेको छ ।

# थाहा बसपार्कको आधुनिक टर्मिनल भवन शिलान्यास



मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा निर्माणाधीन थाहा बसपार्कमा आधुनिक टर्मिनल भवन २० कात्तिकमा एक समारोहबाकीच शिलान्यास गरिएको छ । साढे सात करोडको लागतमा निर्माण हुने बसपार्कको टर्मिनल भवनको नगरपालिकाका उपप्रमुख भरत गोपालीले शिलान्यास गर्नुभएको हो ।

पहिलो चरणको कार्यक्रममा साढे सात करोडको लगानीमा टर्मिनल भवन, बगैचा, रेष्टुरेन्ट, सपिङ स्टल, अपाङ्गमैत्री शौचालय, सवारी चालकलाई आराम गर्ने कक्ष, ग्यारेज, प्रहरी बिट पक्की सडक, सडक बत्ती सहितका संरचनाहरु निर्माण गरिने निर्माणको ठेक्का पाएको सि एण्ड ब्रदर्स कन्स्ट्रक्शनका साइट इन्जिनियर नवराज खनियाले जानकारी दिनुभयो ।

शिलान्यास कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले गुणस्तरीय भौतिक संरचनाको निर्माणमा जोड दिन आग्रह गर्दै निर्माण हुन लागेको संरचनाको सबैले निगरानी गर्नुपर्नेमा जोड दिनूभएको थियो । उपप्रमुख गोपालीले निर्माणमा गुणस्तरीयता र समयमै निर्माण गर्न निर्माण कम्पनीलाई आग्रह गर्नुभएको छ । नेपाल सरकार सहरी विकास मन्त्रालय अन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको एकीकृत शहरी पुर्वाधार विकास अन्तर्गत ७ करोड २१ लाख लागत रहेको सो कार्य २०८१ भदौ २० गते सम्पन्न गरिसक्नुपर्ने सम्झौता रहेको छ । योजना कार्यान्वयनका लागि वि.सं. २०७९ चैत २१ गते सम्झौता भएको हो ।

शिलान्यास कार्यक्रममा थाहा बसपार्क व्यवस्थापन समितिका उपाध्यक्ष राम बहादुर खत्री, बसपार्क व्यवस्थापन समितिका सदस्यहरु, अच्युत केसी, सुरेन्द्रमान प्रधान, अरुण लामा, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख श्याम थापा मगरलगायत स्थानीयको उपस्थिति रहेको थियो ।

# घरैमा पुगेर नागरिकता सिफारिस

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १२ मा पूर्ण अपाङ्गता भएका उमेश स्याङ्तानलाई नागरिकता सिफारिस गरिएको छ । १२ नम्बर वडाका कार्यवाहक वडा अध्यक्ष युवराज जिम्बाले स्याङ्तानलाई घरैमा पुगेर नागरिकताका लागि सिफारिस गर्नुभएको हो ।

थाहा १२ लितीमा रहेको उमेशको घरैमा पुगेर उनका बाबु काले स्याङ्तान भेटी नागरिकता सिफारिस गरिएको कार्यवाहक अध्यक्ष जिम्बाले जानकारी दिनूभयो । जिम्बाले सकेसम्म जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेर घरमै नागरिकता प्रदान गर्न सकिन्छ कि भनेर प्रयास गरिरहेका बताउनुभयो । वडाले यसअघि पनि अशक्त अपांग तथा आर्थिक स्थिती कमजोर भएकाहरुको



घटनादर्ता घरमै पुगेर प्रदान गर्दै आइरहेको कार्यवाहक अध्यक्ष युवराज जिम्बाले बताउनुभयो । उहाँले अशक्त र अपांग तथा असाहायहरुको वडाको कामकाज घरमै पुगी गरिदिने गरेको अनुभव सुनाए ।

यसअघि कार्यवहाक वडाध्यक्ष जिम्बाले वडा नम्बर १२ झाप्रे काफलडाँडाकी माइली गोलेलाई एकल महिला भत्ता लाभग्राही परिचयपत्र घरैमा उपलब्ध गराइएको बताउँदै माइलीको बालबालिकाको जन्मदर्ता पनि घरैमा उपलब्ध गराइएको बताउनुभयो ।

थाहा नगरपालिकाले जनप्रतिनीधिहरुले आफ्नो वडा क्षेत्रका भएका अशक्त अपाङ्गता भएकाहरुलाई घरैमा पुगेर सेवा दिन प्रतिवद्धता गर्नु भएको छ । नागरिकताको साथै, अपाङ्गता परिचयपत्र, सामाजिक सुरक्षा भत्ताको परिचयपत्र तथा नागरिकसंग प्रत्येक्ष सम्बन्ध राख्ने सिफारिसहरु प्राथमिकताको साथ गरिने उहाँहरुले बताउनु भएको छ ।

# थाहाका १२ वटै वडामा उपभोक्ता समितिलाई अनुशिक्षण, योजना कार्यान्वयन तालिका बनाइयो

थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनाका पदाअधिकारीहरुलाई अनुशिक्षण दिएको छ। पालिकाले १२ वटै वडामा गठन भएका उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई अनुशिक्षण दिएको हो।

थाहा नगरपालिकाले तालिका नै बनाएर वडा वडामै पुगेर अनुशिक्षण कार्यक्रम सञ्चालन गरेको थाहा नगरपालिकाका लेखापाल सन्देश घिमिरेले जानकारी दिनूभयो। अनुशिक्षणमा उपभोक्ता समितिका पदाअधिकारीहरुलको उल्लेख्य सहभागिता रहेको थियो। सहभागहिरुलाई प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, लेखापाल सन्देश घिमिरे, इन्जिनियर सन्तोष बोहरा, आन्तरिक लेखापरीक्षक सन्दिप पौडेल तथा योजना शाखाका प्रकाश कुमार लामालगायतले सहजीकरण गर्नु भएको थियो।

सहभागी उपभोक्ता समितिका पदाधिकारीहरुलाई उपभोक्ता समिति गठन प्रक्रियादेखि योजना संचालन तथा फछ्र्यौटसम्मको चरणमा अपनाउनुपर्ने प्रक्रिया र गर्नुपर्ने कार्यको विषयमा सहजीकरण गरिएको थियो। थाहा नगरपालिकाले उपभोक्ता समिति मार्फत संचालन गर्ने योजना चालु आर्थिक वर्षको फागुन मसान्त भित्रै सम्पन्न गर्ने तालिका वडा तहसम्म सर्कुलर गरेको छ। योजना कार्यान्वयन तालिकामा साउन महिनाभित्रै उपभोक्ता समिति गठनका कार्यक्रम सक्ने, १५ भाद्र भित्र लागत अनुमान तयार गर्ने गरी सर्कुलर वडामा आएको वडाध्यक्षहरुले बताएका छन्। उपभोक्ता समितिसंग असोज मसान्तभित्रमा सम्झौता सक्ने थाहा नगर पालिकाको योजना रहेको छ। तालिका अनुसार सम्झौता सम्पन्न भएको ५ महिनाभित्रमा उपभोक्ता समितिहरुले योजना सम्पन्न गरि सक्नुपर्नेछ। पालिकाले उपभोक्ता समिति मार्फत संचालन हुने योजना सम्पन्नको 'डेटलाइन' फागुन मसान्त मानेको छ।

यसैबीच पालिकाले ठेक्का मार्फत संचालन गर्ने योजनाहरुको भाद्र मसान्तसम्म लागत अनुमान तयार गरिसक्ने समयसीमा तोकेको छ। असोज महिनाभर बोलपत्र आव्हानको कार्यतालिका रहेको छ भने २० मंसिरभित्र ठेक्का सम्झौता गर्ने पालिकाको कार्यतालिका रहेको छ।

# एकसय २३ कुकुरलाई रेबिज विरुद्धको खोप

'एक स्वास्थ्य, एक गन्तव्य' भन्ने नाराको साथ १७ औं विश्व रेविज दिवस थाहा नगरपालिकामा पनि विविध कार्यक्रम गरी मनाइएको छ। थाहा नगरपालिका पशु विकास शाखाको आयोजनामा ११ असोजमा दिवस मनाइएको हो। दिवसको अवसरमा १२३ वटा कुकुर र २ वटा बिरालोलाई रेबिज विरुद्धको खोप लगाइएको छ।



थाहाका विभिन्न क्षेत्रमा रहेका सामुदायिक कुकुरहरुलाई रेविज विरुद्धको भ्याक्सिन लगाइएको पशु शाखाका मनिषा कटुवाली मगरले जानकारी दिइन। पशु प्राविधिक बिज्ञान भट्टराईका अनुसार थाहा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडा नम्बर १ मा ३० वटा, वडा नम्बर ३ मा १३ वटा, ४ मा ६ वटा र ११ न वडामा ३० वटा कुकुर सहित २ वटा बिरालोलाई पनि खोप लगाइएको पशु प्राविधिक मगरले जानकारी दिनूभयो। त्यसैगरी थाहा नगरपालिकाको डाँडाबास, गैरीगाउँ, दामगाडे क्षेत्रका ४४ वटा कुकुरहरू लाई रेविज विरुद्धको खोप लगाइएको पशु प्राविधिक रुपेश कुमार मिश्रले जानकारी दिनूभयो। बिश्व रेविज विरुद्धको खोप अभियानमा पशु प्राविधिकहरु मनिषा मगर, रुपेश कुमार मिश्र, विकेश कार्की, बिज्ञान भट्टराई, नुतन मिश्र, प्रकाश पाख्रीन, श्रीराम गर्तौला, प्रशिक्षार्थी पशु प्राविधिक कृष्ण काजी प्रधान र अस्मिता परियार लगायतका टोली खटिएको थियो।

दिवसको अवसरमा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा औपचारीक कार्यक्रमको शुभारम्भ गरिएको थियो। कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, वडा नम्बर १ का वडा अध्यक्ष हेरमान गोपाली, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार र ायमाझी, कृषि तथा पशु विकास शाखाका कृषि स्नातक विकास सुनार, लेखापाल सन्देश घिमिरे, नगर प्रमुखका प्रेस संयोजक शम्भु अधिकारीलगायतका सहभागिता रहेको थियो।

## जनतालाई सरकार भएको अनुभूतिः

# वडा कार्यालयमै बैंक खाता खोल्ने र योजना सम्झौता



थाहा नगरपालिका वडा नम्बर ८ मा चालु आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने योजनाको उपभोक्ता समितिले वडा कार्यालयमै बैंक खाता खोलेका छन् । ८ नम्बर वडा कार्यालयले वडा क्षेत्रमा गठन हुने उपभोक्ता समितिको खाता सञ्चालनका लागि बैंकसंग सहकार्य गरेर वडामै खाता सञ्चालन शिविर आयोजना गरेपछि उपभोक्ता समितिले वडामै खाता खोल्ने सकिने सेवा पाएका हुन् । थाहानगरको ८ नम्बर वडाले यस किसिमको सेवा नगरमै पहिलो पटक दिएको वडाध्यक्ष हेम कुमार थिङले जानकारी दिनुभयो ।

वडा कार्यालयले महालक्ष्मी विकास बैंक पालुङ शाखासंग सहकार्य गरेर २० कात्तिकमा वडा कार्यालयमा शिविर सञ्चालन गरेको हो । शिविरमा ८ नम्बर वडाका १५ वटा उपभोक्ता समितिले बैंक खाता खोलेका छन् । उपभोक्ताहरुको सहजीकरणका लागि बैंकले सहकार्य गरेपछि उपभोक्ताहरुलाई सजिलो भएको वडाध्यक्ष थिङले बताउनुभयो । उहाँले भन्नुभयो- 'यहाँबाट पालुङसम्म पुगेर खाता सञ्चालन गरेर फर्कदा समितिलाई निकै आर्थिक भार पर्थ्यो, त्यो भार अब उपभोक्तालाई नपर्ने भएपछि खुशी भएका छन् ।' खाता सञ्चालनका लागि उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष बैंकमा अनिवार्य पुग्नु पर्दछ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने १५ मध्ये ९ वटा योजनाको शिविरकै अवसरमा सम्झौता समेत भएको वडा सचिव तथा प्राविधिक सीताराम ढकालले जानकारी दिनूभयो ।

घरछेवैको वडा कार्यालयबाट बैंक तथा योजना सम्झौताको सेवा पाएपछि स्थानीयहरु खुशी भएका छन् । शिविरका लागि सहयोग र सहकार्य गर्ने महालक्ष्मी विकास बैंक पालुङ शाखालाई धन्यवाद दिदै वडाध्यक्ष थिङले यस किसिमको जनमुखी कामलाई निरन्तरता दिने प्रतिक्रिया दिए । थिङले भन्नभयो-'नागरिकलाई गाउँ गाउँमा सिहदरबारको अनुभूति हुने गरी काम गर्ने मेरो प्रतिवद्धता छ ।'

# विद्यालयको २ दिन विदा कटौती

थाहा नगरपालिकाका विद्यालयहरुमा चालु शैक्षिक सत्रमा २ दिन जाडो विदा कटौती हुने भएको छ । गत ३ देखि ५ असोजमा काठमाण्डौं केन्द्रित शैक्षिक आन्दोलनको क्रममा विद्यालय बन्द भई पठनपाठनमा भएको क्षतीपूर्तिस्वरुप जाडो विदा दुई दिन छोट्याउने निर्णय गरिएको शिक्षक महासंघ थाहानगरका सचिव गणेशमान श्रेठले बताउनुभयो ।

असोज २३ मा सम्पन्न शिक्षक महासंघ थाहानगरको बैठकले यस्तो निर्णय गरेको हो । बैठकमा आन्दोलनका दिनहरुमा शिक्षक कर्मचारी हाजिरी रजिष्ट्रमा 'शैक्षिक आन्दोलन' भनेर अभिलेख राख्न अनुरोध गर्ने निर्णय भएको सचिब श्रेष्ठले जानकारी दिए । बैठकले शैक्षिक आन्दोलनमा सहभागी सम्पूर्ण शिक्षक कर्मचारीहरुप्रति आभार व्यक्त गर्दै आन्दोलनका क्रममा घाइते शिक्षक/ कर्मचारीको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ भने सरकार र नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिबीच भएका सम्पूर्ण सहमतिहरु शिक्षा ऐनमा व्यवस्था गर्न माग गरेको छ ।

# थाहाका ज्येष्ठ नागरिकलाई तीर्थयात्रा

थाहा नगरपालिले ज्येष्ठ नागरिकहरुलाई तीर्थयात्रा गराएको छ । नगरपालिकाले नगरस्तरीय ज्येष्ठ नागरिक समितिले छनौंट गरेको ज्येष्ठ नागरिकहरुलाई दोलखाको कालिन्चोक, दोलखा भिमसेन, काभ्रेको नमोबुद्धलगायतको तीर्थस्थलहरुमा यात्रा गराएको हो । नगरभरीबाट छनोटमा परेका ६० जना ज्येष्ठ नागरिकलाई पालिकाले तिर्थयात्रा गराएको थाहा नगरपालिकाका सामाजिक विकास अधिकृत अनिल लामिछानेले जानकारी दिनूभयो ।

तीर्थयात्रामा सहभागी सबै ज्येष्ठ नागरिकहरुको खर्च नगरपालिकाले व्यहोरेको छ । ज्येष्ठ नागरिकहरुको सम्मानका लागि नगरपालिकाले यो अभियान चालेको नगर प्रमुख विष्णु बहादुर विष्टले जानकारी दिनूभयो । ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य संवेदशीलतालाई ख्याल राख्दै तीर्थयात्रामा स्वास्थ्यकर्मी समेत साथसाथै लगिएको थियो ।

*बृहत खानेपानीको प्रगती :*

# ६७ किलोमीटर पाइप विछ्याइयो २१ वटा ट्याङ्की निर्माण



थाहा नगरपालिकामा निर्माणाधिन पालुङ वृहत खानेपानी आयोजनाको काम करिब ७० प्रतिशत सकिएको छ। दुईवर्ष भित्र सम्पन्न गर्ने लक्ष्यकासाथ संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, थाहा नगरपालिका र स्थानीय उपभोक्ताको साँझेदारीमा निर्माण भइरहेको आयोजना वडा नम्बर १, २, ३ र ४ मा संचालन भैरहेको छ। करिब १ सय किलोमीटर मुख्य पाइपलाईन मध्ये हालसम्म ६७ किलोमीटर पाइप विछ्याइ सकिएको छ भने ३३ वटा पानी ट्याङ्की निर्माण गर्ने लक्ष्य रहेकोमा २१ वटा निर्माण भैसकेको छ।

थाहा नगरपालिका वडा नम्बर १ मा २१ किलोमीटर मुख्य पाइपलाइन विस्तार गरिएको छ। वडा नम्बर १ मा स्किम-१ अन्तर्गत भाटखोलामा ५० हजार लिटर क्षमताको एउटा ट्याङ्की, स्किम-२ अन्तर्गत केदार गोपालीको घर माथि २० हजार लिटरको, भुटिङ्गल डाँडा, भवानी घरमाथि र सिस्टन्डडाँडामा ५/५ हजार लिटरको ट्याङ्की निर्माण भएको छ। त्यस्तै वडा नम्बर १ कै स्किम(३ अन्तर्गत एफएम डाँडामा १५ हजार लिटरको एउटा पानी ट्याङ्की निर्माण सम्पन्न भएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्राविधिक प्रकाश पन्तले जानकारी दिनूभयो।

वडा नम्बर २ मा ६ वटा पानी ट्याङ्की निर्माण सम्पन्न भएको छ भने १४ किलोमीटर मुख्य पाइपलाईन विस्तार भएको छ। वडा नम्बर २ मा स्किम-७ अन्तर्गत काफलचौरमा १५ हजार लिटरको ट्याङ्की निर्माण सम्पन्न भएको छ। स्किम-६ अन्तर्गत ल्होत्सेपाखा, भोटखोरिया र ठूलोखोरमा १०/१० हजार लिटरको ३ वटा तथा काइलाबाजेको तगारो र देउराली डाँडामा २०/२० हजार लिटरको दुईवटा ट्याङ्की निर्माण सम्पन्न भएको छ।

थाहा नगरपालिकाको वडा नम्बर ३ मा ५ वटा ट्याङ्की तथा १२ किलोमीटर मुख्य पाइपलाइन विस्तार भएको छ। यस वडामा स्किम-१२ अन्तर्गत बाउन्ने चौर, गुफाडाँडा, गोपाली गाउँमा ५०/५० हजार लिटरको ३ वटा, स्किम-८ अन्तर्गत राम्चे खोलामा एउटा र स्किम-१० अन्तर्गत बाहुनगाउँ माझाचौरमा ५०/५० हजार लिटरको दुईवटा ट्याङ्की निर्माण भएको छ। वडा नम्बर ४ मा ४ वटा ट्याङ्कीको काम सम्पन्न भएको छ भने २० किलोमीटर पाइपलाईन विस्तार भएको प्राविधिक पन्तले जानकारी दिए। ४ नम्बर वडाका स्किम-१३ अन्तर्गत आइतबारे डाँडा र तुल्सीचौर मा ५०/५० हजार लिटरको दुईवटा, चौडालपाखामा ३० हजार लिटरको एउटा तथा स्किम-१४ अन्तर्गत भूपिनडाँडामा ५० हजार लिटर क्षमतको एउटा ट्याङ्की निर्माण सम्पन्न भएको छ।

त्यसैगरी ४ वटा ट्रिटमेन्ट प्लान्ट निर्माण गर्ने लक्ष्य अनुसार ३ वटाको पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ। स्किम-१२ अन्तर्गत पर्ने बाउन्नेचौर, स्किम-१३ अन्तर्गतको तुल्सीचौर र स्किम-१४ अन्तर्गतको कारुलखोला ट्रिटमेन्ट प्लान्टको निर्माण कार्य सम्पन्न भएको पन्तले बताउनुभयो। स्किम-८ अन्तर्गतको राम्चेखोला मुहानको टि-टमेन्ट प्लान्ट भने निर्माण शुरु भएको उहाँले जानकारी दिनूभयो। आयोजना समयमै सम्पन्न गर्नका लागि द्रुतगतिमा काम भैरहेको निर्माण व्यसायी दिलबहादुर केसीले बताउनुभयो।

# स्वास्थ्य सेवाको न्यूनतम 'सेवा मापदण्ड' मा थाहानगर प्रथम

मकवानपुरको थाहा नगरपालिका स्वास्थ्य सेवाको न्यूनतम सेवा मापदण्डमा जिल्लामै प्रथम भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले आर्थिक वर्ष २०७९/०८० को सेवा प्रवाह र गुणस्तर लाई मूल्याङ्कन गरी उत्कृष्ट नगरपालिका घोषणा गरेको हो ।

हेटौंडामा संचालन भएको न्यूनतम सेवा मापदण्डको मूल्याङ्कन कार्यक्रमका अवसरमा जिल्लाका १० वटा पालिकाहरुको १ सय २ वटा स्वास्थ्य संस्थाहरु मध्ये थाहा नगरपालिकाको बज्रवाराही स्वास्थ्य चौकी प्रथम भएको हो । त्यस्तै थाहा नगरपालिकाकै टिष्टुङ स्वास्थ्य चौकी र आग्रा स्वास्थ्य चौकी उत्कृष्ट दोस्रो घोषणा भएको थियो ।

उत्कृष्ट स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख तथा स्वास्थ्य मन्त्रालय बागतमी प्रदेशका योजना महाशाखा प्रमुख वरिष्ठ जनस्वास्थ्य प्रशासक दिपक तिवारीले सम्मान गर्नुभएको थियो । कार्यक्रममा मकवानपुरका सबै



पालिकाका जनप्रतिनीधिहरु, स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्षहरु, स्वास्थ्य शाखा प्रमुख तथा कार्यक्रम फोकल पर्सनलगायतकाको आतिथ्यता रहेको थियो ।

# सबै स्वास्थ्य संस्थामा विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली शुरु



मकवानपुरको थाहा नगरपालिका अन्तर्गत रहेको सबै १२ वटै स्वास्थ्य संस्थाले चालु आर्थिक वर्षबाट विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली प्रयोगमा ल्याउने भएका छन् । प्रणाली संचालनका लागि दिइएको तीनदिने तालिम सकिएको छ ।

पालिकाको आयोजनामा भएको तालिममा ५ स्वास्थ्य चौकी र पालुङ प्राथमिक स्वास्थ्य केन्द्रबाट २/२ जना, तीन शहरी स्वास्थ्य केन्द्र तथा ३ आधारभूत स्वास्थ्य केन्द्रबाट १/१ जना गरी तालिममा १८ स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो । तालिमका सहभागीहरुलाई तीनदिनसम्म स्वास्थ्य निर्देशनालय बागमती प्रदेशकी विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली संयोजक ललितासिंह ठकुरीले सहजीकरण गर्नुभएको थियो ।

यसअघि पालिकाबाट मात्र संचालन हुँदै आएको विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली अब प्रत्येक स्वास्थ्य संस्थाबाट संचालन हुने थाहा नगरपालिका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले बताउनुभयो । चालु आर्थिक वर्षबाट सबै स्वास्थ्य संस्थाहरुले औषधि तथा उपकरणको विवरण अनलाइन प्रणालीमै प्रविष्टी गर्ने शाखा प्रमुख बलामीले बताउनुभयो । 'औषधि चाहिए पालिकालाई स्वास्थ्य संस्थाहरुले अनलाईन प्रणाली मार्फत नै माग गर्दछन्, पालिकाले पनि अनलाइनबाटै हस्तान्तरण फारम तयार गरी आपूर्ति गर्छौं'-शाखा प्रमुख बलामीले भन्नुभयो । आपूर्ति सम्बन्धी सम्पूर्ण सूचना प्रणाली मार्फत नै हुने बलामीको भनाइ छ। कार्यक्रम समापनको अवसरमा सूचना प्रविधिमैत्री हुँदै पालिकाले गर्ने हरेक क्रियाकलापलाई व्यवस्थित गर्दै जाने थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताउनुभयो । सो अवसर मा प्रशिक्षक ललिता ठकुरी, बज्रवाराही स्वास्थ्य चौकीकी प्रमुख जिनु डंगोललगायतले तालिम र प्रणालीको प्रभावकारीताको विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# वडामै ज्येष्ठ नागरिकलाई सम्मान



थाहा नगरपालिका वडा नम्बर २ का ज्येष्ठ नागरिकहरुला सम्मान गरिएको छ। वडास्तरीय जेष्ठ नागरिक समितिको आयोजना तथा थाहानगृको २ नम्बर वडा कार्यालयको सहयोगमा कार्यक्रम भएको हो ।

वडास्तरीय जेष्ठ नागरिक समितिका संयोजक बिष्णु बहादुर थापाको सभाध्यक्षतमा भएको कार्यक्रमको प्रमुख अतिथी नगर प्रमुख बिष्णु बहादुर बिष्टरहनु भएको थियो । कार्यक्रममा नगर प्रमुख विष्टले ज्येष्ठ नागरिकलाई सम्मान गरेका थिए । सो अवसरमा प्रमुख बिष्टले जेष्ठ नागरिकलाई ससम्मान बाँच्न पाउने अधिकारको रक्षा गर्नुपर्ने बताउनुभयो। 'उमेर हुँदासम्म श्रममा खर्चने नागरिकलाई उमेर पुगेपछि बाँच्न आधारको व्यबस्था राज्यले गर्नुपर्छ'-प्रमुख विष्टले भन्नुभयो । कार्यक्रमका वक्ताहरुले ज्येष्ठ नागरिकको माया र सम्मान सबैले गर्नुपर्ने उल्लेख गर्नुभएको थियो भने वक्ताहरुले ज्येष्ठ नागरिकहरुलाई कसरी खुशी दिन सकिन्छ त्यसतर्फ ध्यान दिन जरुरी रहेको औंल्याउनु भयो ।

कार्यक्रममा वडा भित्रका १ सय ५ जना जेष्ठ नागरिकको उपस्तिथि रहेको थियो । कार्यक्रममै १ सय १ वर्षिया वृद्धा मिनकुमरी बस्नेत, समाजसेवी सिताराम बिष्ट र हर्क बहादुर सिङ्तानलाई दोसल्ला सहित सम्मानित गरिएको थियो। कार्यक्रममा वडा नम्बर २ का वडा अध्यक्ष बम बहादुर सिन्तान, थाहा नगरस्तरीय ज्येष्ठ नागरिक मञ्चका संयोजक ईश्वर बहादुर कार्की, वडा सदस्यहरु, वडास्तरीय ज्येष्ठ नागरिक समितिका सदस्यहरुलगायतका उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण समेत गरिएको थियो ।

# शिक्षकलाई एकहप्ते आधारभूत योग तालीम दिइयो

थाहानगरको बज्रबाराही, टिष्टुङ र चित्लाङ क्षेत्रका शिक्षकहरुका निम्ति सुनौलो विकास केन्द्र थाहा १ मा संचालित १ हप्ते दोस्रो चरणको आधारभूत योग शिक्षक तालीम दिइएको छ। थाहा नगरपालिकाको आयोजना तथा सुनौलो सामुदायि सिकाइ केन्द्र थाहा नगरपालिका वडा नम्बर १ कुन्छालको समन्वय र ब्यवस्थापनमा तालिम सञ्चालन गरिएको हो ।

थाहा नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष हेरमान गोपालीको अध्यक्षता तथा नगरपालिकाका उपप्रमुख भरत गोपालीको



प्रमुख आतिथ्यतामा एक कार्यक्रमका बीच तालिम समापन गरिएको हो ।

कार्यक्रममा विशेष अतिथि थाहाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी रहनु भएको थियो भने शिक्षा शाखा प्रमुख माधव बिक्रम मल्ल, सुनौला सामुदायिक सिकाइ केन्द्रका संस्थापक अध्यक्ष सानुकाजी गोपाली, योग शिक्षक राजन बिडारीलगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विद्यालयमा योग कार्यक्रमलाई निरन्तर विकास गर्दै एक घर एक योगी बनाउने अभियानका लागि प्रतिबद्धता व्यक्त गरिएको थियो ।

# 'इजरायलमा कोही अलपत्र परे वडा अध्यक्षलाई सम्झनू'-वडाध्यक्ष

थाहा नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष शिवराज थिङले इजरायलमा भएको युद्धमा परी अलपत्र भए फोन गर्न अनुरोध गर्नु भएको छ । ७ नम्बर वडा कार्यालयले सूचना जारी गरी इजरायलमा हमास समूहद्वारा इजरायलमाथि आक्रम हुँदा आफ्नो वडाको केही त्यहाँ समस्यामा परे फोन गर्न अनुरोध गर्नु भएको हो ।

इजरायलमा प्यालेष्टानी लडाकू हमासले गरेको आक्रमणमा परी ज्यान गुमाएका नेपालीहरुप्रति अध्यक्ष थिङले दुःख व्यक्त समेत गर्नु भएको छ । उहाँले सूचनामा वडाका कसैलाई उद्धार गर्नुपर्ने भएमा वडाध्यक्ष तथा वडा सचिवलाई, फोन गर्न आग्रह गर्दै मोबाइल नम्बर सार्वजनिक गर्नुभएको छ । यसैबीच थाहा नगरपालिकाका अन्य वडाध्यक्षहरुले पनि समस्यामा परे आफूहरुलाई खबर गर्न आग्रह गर्दै सहयोगको प्रतिवद्धता जनाउनु भएको छ ।

# लितीमा खानेपानी आयोजना निर्माण शुरू

थाहा नगरपालिका वडा नम्बर १२ मा लिती खानेपानी आयोजनाको शिलान्यास गरिएको छ। लामो समयदेखि खानेपानी समस्या भोग्दै आएका स्थानीयहरुलाई घरैमा धारा पुऱ्याउने लक्ष्यसहित थाहा नगरपालिकाले गैरसरकारी संस्था च्वाइस नेपालसंगको साँझेदारीमा आयोजना निर्माण थालिएको हो । आयोजनाको नगर उपप्रमुख भरत गोपालीले एक समारोहबाकीच शिलान्यास गर्नुभएको हो। लिती खानेपानी आयोजनाको साँझेदार संस्था च्वाइस नेपालका कन्ट्री डाइरेक्टर प्रतीक शर्मा, कार्यक्रम निर्देशक किरण न्यौपानेसहितको विशेष उपस्थितीमा नागदह स्थित रिजर्भ भ्वायर ट्याङ्की शिलान्यस गरेर आयोजनाको शुरुवात गरिएको हो।

वडा नम्बर १२ को नागदह, ब्लेटोल, गौराइटोल, नयाँ घर टोल, कुण्डलीलगायतका गाउँलाई लक्षित गरी खानेपानी आयोजना निर्माण शुरु भएको हो। आयोजनाबाट २ सय ५ भन्दा बढि परिवार लाभान्वित हुने च्वाइस नेपालका प्रताप घिमिरेले जानकारी दिए। २ करोड ५९ लाख ९० हजार ५ सय ८ रुपियाँ लागत अनुमान रहेको आयोजना १८ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य




लिइएको च्वाइस नेपालका कुल प्रसाद तिवारीले जानकारी दिनूभयो। नगरपालिकाको तर्फबाट आयोजनाका लागि ६० लाख लगानी रहने सम्झौता रहेको छ। गुणस्तरीय खानेपानीको अभावमा रहेका उक्त क्षेत्रका बासिन्दाहरुलाई 'एक घर, एक धारा' नीति अनुसार खानेपानी आपूर्ति गरिने थाहा नगर उपप्रमुख भरत गोपालीले बताउनुभयो। नागरिकलाई खानेपानीको अभाव हुन नदिनका लागि सरकारी तथा गैर सरकारी संघसंस्थाहरु संगको सहकार्यमा खानेपानी



आयोजनाहरु निर्माण थालिएको उपप्रमुख गोपालीको भनाइ छ। करिब २ किलोमिटर टाढाको घट्टेखोला र मेल खोला मुहानबाट वितरणका लागि पानी ल्याइएको छ।

यसअघि एउटै धाराबाट १० देखि १५ परिवारले पानी थाप्नुपर्ने बाध्यता रहेको सो क्षेत्रमा आयोजना सम्पन्न भएपश्चात् सहजै खानेपानी आपूर्ति हुने लिती खानेपानी उपभोक्ता समितिका अध्यक्ष हिरामान घलानले बताउनुभयो । उनले घरघरैमा धारामा पानी आउने भएपछि खुशी व्यक्त गर्दै भन्नुभयो-'पानीका लागि हामी श्रमदान गर्न तयार छौं, सहयोग गर्ने नगरपालिका, वडा कार्यालय र च्वाइस नेपाललाई धेरै धेरै धन्यवाद छ।'

खानेपानी आयोजनाको शिलान्यासको अवसरमा आयोजनाका लागि च्वाइस नेपाल मार्फत सहयोग गर्ने हिलिङह्याण्ड फाउण्डेशमा आवद्ध विदेशीहरुले श्रमदान समेत गरेका थिए । उनीहरु आयोजना क्षेत्रमा केही दिनदेखि स्थानीय जीवनशैली अवलोकन तथा आयोजना अन्तर्गतको पाइपलाइन खन्नेपुर्ने लगायतका कामहरु समेत गर्दै आएका छन्। आयोजना शिलान्यास कार्यक्रममा थाहा नगरपालिकाका नगर उपप्रमुखसहित, थाहानगर खानेपानी बोर्ड प्रतिनीधि सुरजकुमार भुजेल, १२ नम्बर वडाध्यक्ष टीकाराम स्याङतान, सदस्यहरु युवराज जिम्बालगायतका जनप्रतिनीधिहरु तथा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका पूर्व अध्यक्ष बिमलकुमार ढकाल, सञ्चारकर्मी ध्रुव ढकाललगायतकाको उपस्थिती रहेको थियो।

# थाहानगरको वडा-वडामा अभिभावक शिक्षा कार्यक्रम



थाहा नगरपालिकाको आयोजनामा पालिका अन्तर्गतका वडाहरुमा अभिभावक शिक्षा कार्यक्रम भएको छ । अभिभावक तथा हेरचाहकर्ताले वालवालिकाको विकासलाई उचीत वातावरण बनाउन सघाउ पुऱ्याउने उद्देश्यले पालिकाको १२ वटै वडामा कार्यक्रम सञ्चालन भैरहेको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिनूभयो ।

बालबालिकाहरूको समग्र विकासलाई प्रवर्द्धन गर्न अभिभावक र स्याहारकर्ताहरूमा आवश्यक ज्ञान र सीप प्रदान गर्ने, हिंसा, लैंगिक मान्यता र छोरा र छोरीप्रति समान व्यवहारको सम्बन्धमा पुरुष र महिलाको दृष्टिकोण तथा व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको हो ।

गर्भावस्थादेखि तीन वर्ष उमेर समूहका बालबालिकाका बाबुआमा, गर्भावस्थादेखि तीन वर्ष उमेर समूहका बालबालिका समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रमबाट स्वास्थ्य संस्थाहरुमा बाल उत्प्रेरणा कक्ष निर्माण भएको छ जस्ले गर्दा वालवालिकाहरु स्वास्थ्य संस्थामा आउन खुशी हुने गरेको स्वास्थ्य संस्था प्रमुखहरुले बताएका छन् ।

त्यस्तै अभिभावकहरु, आमा बुबाहरु आफ्ना छोराछोरीको सर्वाङ्गिग विकासका लागि आवश्यक अवसर प्रदान गर्ने वातावरण तयार गर्नु पर्छ भन्ने कुरामा सचेत हुनुका साथै व्यवहारमा लागु गर्ने गरेको पाइएको छ । अभिभावकहरु, आमा बुबाहरु ले आफ्ना छोरा छोरी लाई खेलौना किनेर ल्याई दिने, खेलौना बनाई दिने, संगै बसी खेल खेल्ने, घर बाहिर घुमाउन लाने, कथा सुनाउने, घरायसी र सामाजिक कार्यमा सहभागी गराउने, गर्भवति आमाको स्याहार, घरायसी काममा सहयोग, स्वास्थ्य जाँच गर्न स्वास्थ्य संस्थामा लैजाने तथा पूर्ण खोप दिलाउनका लागि अभिभावकहरु सचेत भएको लगाएतको परिवर्तन देखिएका छन् ।

> गर्भवति आमाको स्याहार, घरायसी काममा सहयोग, स्वास्थ्य जाँच गर्न स्वास्थ्य संस्थामा लैजाने तथा पूर्ण खोप दिलाउनका लागि अभिभावकहरु सचेत लगाएतको परिवर्तन देखिएका छन् ।

# ४ करोड ३२ लाख ६८ हजार २२१ रुपियाँ भत्ता वितरण

थाहा नगरपालिकाको १२ वटै वडाका सामाजिक सुरक्ष भत्ताका लाभग्राहीहरुलाई चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। थाहा नगरपालिकाले सबै लाभग्राहीहरुलाई इएफटीका माध्यमबाट लाभग्राहीको बैंक खातामा भत्ता रकम भुक्तानी गरिएको हो। थाहा नगरपालिकाले शतप्रतिशत लाभग्राहीलाई इएफटी मार्फत भत्ता वितरण गर्दे आएको छ।

पहिलो चौमासिकमा थाहा नगरपालिकामा ४ हजार ३०४ लाभग्राहीलाई ४ करोड ३२ लाख ६८ हजार २२१ रुपियाँ भत्ता वितरण गरिएको एमआईएस सेवा इकाइका एमआइएस अपरेटर रुपक कार्कीले जानकारी दिनूभयो। थाहा नगरपालिकाको वडा नम्बर ६, ९, १०, ११ र १२ नम्बर वडामा भने बैंकसंगको सहकार्यमा भुक्तानी शिविरको आयोजना गरी वडामै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको फिल्ड सहायक अच्युत विडारीले जानकारी दिनूभयो।



*थाहा नगरपालिका वडा नम्बर १२ मा सिन्धु विकास बैंकसंगको सहकार्यमा आयोजित सामाजिक सुरक्षा भत्ता भूक्तानी शिविर ।*

**थाहा नगरपालिकाबाट चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको वडागत विवरण:**

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग अ. (आर्थिक सहायता) | | ख बर्ग अ. (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २१० | २४४३५२४ | ७ | ५५८६० | ३६ | २८७२८० | ४९ | ३८८३६० | ४ | ४७८८० | २० | १२३४२४ | ११ | १५९६० | ३३७ | ३३६२२८८ |
| २ | २७५ | ३२७७९९१ | २४ | १८६२०० | ५५ | ४३८९०० | ७० | ५५३२८० | २ | २३९४० | २२ | १४०४४८ | ४ | ५३२० | ४५२ | ४६२६०७९ |
| ३ | १८१ | २१५६००० | १० | ७४४८० | ३३ | २५७०७६ | ८० | ६२७७६० | ३ | ३५९१० | २१ | १३४०६४ | १८ | २८१२५ | ३४६ | ३३१३४१५ |
| ४ | १४१ | १६८८००० | ६ | ४७८८० | २६ | २०४८२० | ७३ | ५७४५६० | ४ | ४७८८० | १४ | ८२९९२ | १५ | २२३४४ | २७९ | २६६८४७६ |
| ५ | १३४ | १५७३३२० | १ | ७९८० | ३२ | २५५३६० | ४० | ३१३८८० | ५ | ५९८५० | ९ | ५३२०० | ० | ० | २२१ | २२६३५९० |
| ६ | ३१६ | ३७३२१२९ | १५ | ११९७०० | ४१ | ३२७१८० | ६९ | ५३२००० | ७ | ८३७९० | ३० | १८३००८ | ९ | १४३६४ | ४८७ | ४९९२१७१ |
| ७ | २६४ | ३१४६६४० | ८ | ६३८४० | ४९ | ३९१०२० | ७० | ५५३२८० | १५ | १७९५५० | २३ | १४६८३२ | १४ | २१२८० | ४४३ | ४५०२४४२ |
| ८ | २०० | २३६७९८० | १३ | १०३७४० | ३१ | २४७३८० | ४१ | ३२७१८० | ५ | ५९८५० | १३ | ७८७३६ | १८ | २६९४३ | ३२१ | ३२११८०९ |
| ९ | २६९ | ३१७४४७९ | ८ | ६३८४० | ६३ | ४९८९२७ | ९२ | ७२०८६० | ४ | ४६०१८ | १४ | ८३३३५ | ७ | १०१०८ | ४५७ | ४५९७५६७ |
| १० | २२५ | २६६८६६० | १ | ७९८० | ५४ | ४३०९२० | ५६ | ४४६८८० | ४ | ४७८८० | १७ | १०८५२८ | ४ | ६३८४ | ३६१ | ३७१७२३२ |
| ११ | १५६ | १८५६००० | २ | १५९६० | ३८ | २९७९२० | ५८ | ४५४८६० | ५ | ५१९९९ | ११ | ६५९६८ | ८ | ११७०४ | ३६१ | २७५४४११ |
| १२ | १८७ | २२३२२४७ | ८ | ६११८० | ३४ | २७१३२० | ५९ | ४६८१६० | ५ | ५९८५० | २५ | १५९६०० | ४ | ६३८४ | ३२२ | ३२५८७४१ |
| जम्मा | २५५८ | ३०३१६९७० | १०३ | ८०८६४० | ४९२ | ३९०८१०३ | ७५७ | ५९६१०६० | ६३ | ७४४३९७ | २१९ | १३६०१३५ | ११२ | १६८९१६ | ४३०४ | ४३२६८२२१ |

# दमारमा चिया र कफीको परीक्षण खेती

थाहा नगरपालिका वडा नम्बर ३ मा चिया र कफीको परीक्षण खेती शुरु गरिएको छ। ३ नम्बर वडाको कालीबज्जार सामुदायिक वन क्षेत्र अन्तर्गत रहेको दमारमा १३ साउनमा टक्दा-८ जातको ४ सय चियाको र १ सय वटा कफी परीक्षणका लागि रोपिएको हो।

स्थानीयहरुले कालिब्ज्जार सामुदायिक वन उपभोक्ता समितिका सदस्यहरु, पदाधिकारीहरु सहितको सभागितामा चिया र कफीको विरुवा रोपेका हुन्। नेपालमा खेती गरिँदै आएको विभिन्न ४ जातका चिया मध्ये टक्दा-७८ थाहानगरको उच्च भागको हावा पानीमा हुर्कन सक्ने अनुमानसहित परीक्षण शुरु गरिएको सामुदायिक वन उपभोक्ता समितिका कमलकुमार केसीले जानकारी दिनूभयो।

तरकारी खेतीमा मात्र आकर्षित थाहाका किसानहरुका लागि बहुबर्षिय चिया खेती सफल भएमा आम्दानीको दीगो स्रोत हुने नगर प्रमुख विष्णु बहादुर विष्टले बताउनसभयो। चियाको बिरुवा समशितोष्ण हावापानीमा सहजै हुर्कन सक्ने भएकोले व्यवसायिक उत्पादनका लागि परीक्षण थालिएको प्रमुख विष्टले बताउनुभयो।

# थाहामा बजार अनुगमन कडाइ, औषधि पसलमा सिल

थाहा नगरपालिका क्षेत्रमा चाडवाडमा मात्र नभई अन्य समयमा पनि बजार अनुगमन कार्यलाई तिब्रता दिएको छ। उपभोक्ता हित संरक्षण समिति थाहाले चाडपर्व लक्षित गरी विशेष बजार अनुगमन पनि गर्ने गरेको छ। समितिले औषधि, खाद्यान्न, इन्धन, माछामासु, तरकारी, फलफूल लगायतका थोक तथा खुद्रा पसलमा अनुगमन गर्ने गरेको छ। चाडपर्वको समयमा व्यापारीहरूले जथाभावी मूल्य लिने, म्याद गुज्रिएका अखाद्य वस्तुलाई बेच्ने लगायतका समस्या देखिने गरेकाले चाडवाडमा अनुगमनलाई सक्रिय रुपमा अगाडि बढाएको अनुगमन समितिका संयोजक तथा उपप्रमुख भरत गोपालीले बताउनुभयो।

समितिले थाहानगरको मुख्य बजार क्षेत्रहरु, शिखरकोट, थानाबजार, ओखरबजार, टिष्टुङ, डाँडाबास, बज्रबाराहीलगायतको क्षेत्रमा बजार अनुगमन गरेको उपभोक्ता हित संरक्षण समिति सदस्य उमेश श्रेष्ठले बताउनुभयो। बज्रबाराहिको सरस्वती बजारका पसलहरु अनुगमन गर्ने क्रममा मापदण्ड बिपरित संचालनमा रहेको एक औषधि पसलमा सिल गरेको छ। मापदण्ड बिपरित बिना दर्ता र बिना अनुमतीमा संचालित औसधि पसल तत्कालको लागि बन्द गरिएको थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताउनुभयो।

बजार अनुगमन व्यवसायीहरूलाई आतंक फैलाउने र तत्काल जरिवाना गरेर तर्साउने उद्देश्यले शुरु नभएको पनि प्रमुख गिरीले स्पष्ट पारे। बढी मूल्य लिने, मूल्य सूची नराख्ने, गुणस्तरीय वस्तु




बिक्री वितरण नगरी उपोभोक्ता ठग्ने,नगरमा व्यवसाय दर्ता तथा नविकरण नगर्ने व्यापारीलाई मात्र अनुगमनको क्रममा चेतावनी दियको उनले बताए। नगरले चार्डपर्वको सन्दर्भमा अनुगमनलाई प्रभावकारी बनाउन पहिलो चरणमा दसैं र त्यपछि क्रमशः सबै नगरका बजार निरीक्षण गरिने प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको भनाइ छ।

अनुगमनका क्रममा मूल्य सुची नराखेको तथा म्याद गुज्रिएको सामान, बरफ, आइसक्रीम, औषधी फेला परेका व्यावसायीहरुलाई चेतावनी सहित छाडिएको थियो। नगरपालिकाले बजार अनुगमनको लागि कुनै अवसर नकुरी जुनसुकै बेलामा पनि गर्ने जनाएको छ।

# वडाध्यक्ष बलले दिए ह्विल चियर सहयोग



थाहा नगरपालिका वडा नम्बर ११ का वडा अध्यक्ष दिनेश बलले विगत चार महिनादेखि कम्मर मुनीको भाग नचल्ने बिरामी चन्द्रबहादुर स्याङ्तानलाई ह्विल चियर प्रदान गर्नु भएको छ।

चार महिना अगाडि मोटरसाइकल दुर्घटनामा परेर थला पर्नु भएका ४० वर्षिय स्याङ्तानको कम्मरदेखि तलको भाग नचल्ने, हातका औला समेत चलाउन नसक्ने गरि थलिएपछि सहयोगी सामग्री स्वरुप ह्विल चियर वितरण गर्नु भएको हो। वडा अध्यक्ष बलसहित वडा सदस्य सुरविर स्याङ्तान, टोल विकास संस्थाका संयोजक कमल बहादुर सहितको टोलीले घरमै पुगेर ह्विल चेयर हस्तान्तरण गर्नु भएको हो।

# साउनभित्रै जग्गा वर्गीकरण गर्ने

मकवानपुरको थाहा नगरपालिकाले जग्गा वर्गीकरण गरी पालिकामा पठाउन वडा कार्यालयहरुलाई परिपत्र गरेको छ। थाहानगर कार्यपालिकाको ८ साउनमा भएको बैठकको निर्णय अनुसार वडाहरुलाई परिपत्र गरिएको प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले जानकारी दिनूभयो।

भूउपयोग ऐन, २०७६ र नियमावली, २०७९ ले तोकेको मापदण्ड बमोजिम हाललाई कृषि क्षेत्र र आवासिय क्षेत्र निर्धारण गरी साउन मसान्तभित्र नगरपालिकामा पठाउन १२ वटै वडा कार्यालयलाई नगरपालिकाले १० साउनमा परिपत्र गरिएको हो। भूउपयोग क्षेत्र वर्गीकरणका लागि आ-आफ्नो क्षेत्रमा कृषि र आवासिय क्षेत्र निर्धारण गरी पठाउन परिपत्र गरेको थाहा नगरपालिकाले वडा कार्यालयको सिफारिसको आधारमा जग्गा वर्गीकरण गर्ने जनाएको छ। जग्गा वर्गिकरणका लागि वडा समितिले स्थानीयहरुसंग समेत छलफल गरी टुङ्ग्याउन नगर प्रमुख विष्णु बहादुर विष्टले वडाध्यक्षहरुलाई आग्रह गर्नुभएको छ।

# थाहा नगरपालिकाबाटै श्रम स्वीकृति



वैदेशिक रोजगारीमा जाने नगरबासीहरूलाई थाहा नगरपालिकाले पालिकाबाटै श्रम स्वीकृतिको सहजीकरण गरिरहेको छ । नगरपालिकाबाट गत बैशाखबाटै श्रम स्वीकृतिका लागि सहजीकरण गरिरहेको र अहिलेसम्म दर्जनौं युवाहरुले श्रम स्वीकृति प्राप्त गरिसकेको थाहा नगरपालिकाको रोजगार सेवा केन्द्रले जनाएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत् रहेको बैदेशिक रोजगार बोर्डको सचिवालयले पालिकामा रहेका रोजगार संयोजकहरुलाई श्रम स्वीकृतिबारे अभिमुखीकरण गरेपछि पालिकामै श्रम स्वीकृतिको काम हुन थालेको हो। वैदेशिक रोजगारमा जाने युवाले यसअघि काठमाडौं गएर श्रम स्वीकृति लिनुपर्ने बाध्यता अब हटेको थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताउनुभयो। 'काठमाण्डौं गएर श्रम स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झण्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो, तर अब स्थानीय सरकारबाटै सेवा सुरू भएपछि सहज भएको छ,' उहाँले भन्नुभयो।

पालिकाको सहजीकरणमा श्रम स्वीकृतिको लागि अनलाइनबाट आवेदन दिएपछि काठमाडौँसहित प्रदेश स्तरका श्रम तथा रोजगार कार्यालयबाट श्रम स्वीकृति हुने व्यवस्था छ । पालिकाको रोजगार सेवा केन्द्र, बैदेशिक रोजगार बोर्डको सचिवालय, बैदेशिक रोजगार विभाग र रोजगार कार्यालयहरुको समन्वयमा अनलाइन प्रणालीबाटै श्रम स्वीकृति प्राप्त हुन्छ। श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात लिएर आउनुपर्ने हुन्छ। सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले सोसम्बन्धी स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने थाहा नगरपालिकाका रोजगार संयोजक कुमार नेगीले बताउनुभयो। पालिकाबाट नयाँ श्रम स्वीकृतिको भन्दा पुनः श्रम स्वीकृतिका लागि बढी सहजीकरण हुन्छ। अहिलेसम्म पुनः श्रम स्वीकृतिका लागि धेरै युवाहरु सम्पर्कमा आएको नेगीले बताए। नयाँ श्रम स्वीकृतिका लागि बायोमेट्रिक, मेडिकल सर्टिफिकेट र अभिमुखीकरण अनिवार्य भएको र सोको लागि काठमाडौं नै जानुपर्ने भएकोले नयाँ श्रम स्वीकृतिका लागि भने युवाहरु सहर नै जाने गरेका छन्।

नेगीका अनुसार पुनः श्रम स्वीकृतिका लागि भने पुनः बायोमेट्रिक, मेडिकल सर्टिफिकेट र अभिमुखीकरण आवश्यक पर्दैन।

# जनस्वास्थ्य कार्यक्रम सञ्चालनमा थाहानगर जिल्लामै उत्कृष्ट

स्थानीय तहको जनस्वास्थ्य कार्यक्रम सम्पादनमा थाहा नगरपालिका उत्कृष्ट भएको छ। गत आर्थिक वर्षमा स्थानीय तहमा भएका जनस्वास्थ्यका कार्यक्रम सम्पादनमा थाहा नगरपालिका जिल्लामै उत्कृष्ट भएको हो।

मकवानपुरका १० स्थानीय तहमा समान अंकका साथ मकवानपुरगढीसँगै थाहा नगरपालिका जिल्ला प्रथम भएको हो। स्वास्थ्य कार्यालय मकवानपुरद्वारा १९ र २० असोजमा हेटौडामा सञ्चालित जिल्लास्तरीय वार्षिक समीक्षा कार्यक्रमको अन्त्यमा थाहा नगरपालिकालाई प्रथम घोषणा गर्दै प्रशंसापत्र प्रदान गरिएको हो। 'जिल्लाको दशवटा स्थानीय तहहरुमध्ये मुख्य मुख्य सूचकको आधारमा थाहा नगरपालिका प्रथम हुन सफल भएको हो, हामी निरन्तर सफलताको कामना गर्छौं' स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारले भन्नुभयो।

जिल्लामै उत्कृष्ट भएपछि प्रतिक्रिया दिँदै थाहा नगरपालिका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले थाहा नगरपालिकाका नगरप्रमुखदेखि कर्मचारीसम्मलाई धन्यवाद व्यक्त गर्नुभएको छ। थाहा नगरपालिकामा अझ बढी स्वास्थ्य सेवाको पहुँच पुर्याउन थप जिम्मेवारी थपिएको भन्दै उनले अझ बढि प्रगतिका लागि सामूहिक जिम्मेवारीकासाथ कृयाशील रहने प्रतिबद्धता जनाउनुभयो।

**प्रकाशकः** थाहा नगरपालिका **संयोजनः** सूचना प्रकाशन तथा अभिलेख व्यवस्थापन तथा मुद्रण शाखा